निर्णयहरू:-

१. मिति २०७६ चैत्र १६ गते माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल' ज्यूको अध्यक्षतामा आपूर्ति व्यवस्थापनलाई सहज बनाउने सम्बन्धमा बसेको बैठकबाट भएका देहाय अनुसारका निर्णयहरू प्रभावकारी कार्यान्वयनको लागि श्री गृह मन्त्रालयद्वारा मिति २०७६ चैत्र १६ गते जारी गरिएको प्रेस विज्ञप्ति बैठकमा जानकारी भई उक्त निर्णयहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने निर्णय गरियो ।

**तपशील:-**

क. आपूर्ति व्यवस्थापनको नेतृत्व सबै स्थानीय तहले लिने ।

ख. विक्री वितरण गर्दा न्यूनतम १ मिटरको दूरी कायम (Social Distancing) गरी स्थानीय तहले मापदण्ड बनाउने ।

ग. आपूर्ति व्यवस्थापनलाई सहज बनाउन प्रत्येक वडाका वडा अध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरीको प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने ।

घ. वडास्तरीय समितिले आफ्नो वडाभित्र रहेका हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरूको लगत संकलन गर्ने ।

ङ. स्टोर र विक्रेताले विक्री गर्दा न्यूनतम दैनिक उपभोग्य वस्तुहरू रहने गरी Combo Package बनाई विक्री वितरण गर्ने ।

च. हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरूलाई वडास्तरीय समितिले सहयोगस्वरूप न्यूनतम दैनिक उपभोग्य वस्तुहरूको Package उपलब्ध गराउने । सहयोगको Package बनाउँदा ४ जनासम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढी सदस्य भएको परिवारलाई पुग्ने गरी २ प्रकारको बनाउने ।

छ. कुनै निकाय/संघ संस्था/व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क राख्नुपर्ने । स्थानीय तहले तोकेको मापदण्ड अनुसारको सहयोग सामग्रीहरू भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडास्तरीय समिति मार्फत वितरण गर्ने । सो को विवरण अनिवार्यरूपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

ज. सहायताको नाममा कसैले पनि चन्दा उठाउन वा आफूखुसी सहायता वितरण गर्न नपाउने ।

झ. वितरणमा दोहोरोपना हुन नदिने ।

ञ. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दैनिक उपभोग्य वस्तुहरूको मौज्दात नियमितरूपमा अद्यावधिक गरी सार्वजनिक गर्ने ।

२. १(ग) को निर्णय कार्यान्वयनका सम्बन्धमा जिल्ला समन्वय समितको कार्यालय, सम्बन्धित स्थानिय तह र जिल्ला प्रहरी कार्यालयले आवश्यक समन्वय र सहजीकरण गर्ने, १(ङ) को निर्णय कार्यान्वयनका सम्बन्धमा मकवानपुर उद्योग वाणिज्य संघले आवश्यक समन्वय र सहजीकरण गर्ने र १(ञ) को निर्णय कार्यान्वयनका सम्बन्धमा मकवानपुर उद्योग वाणिज्य संघ, हेटौडाले यस जिल्ला भित्र दैनिक उपभोग्य वस्तुहरूको मौज्दात नियमितरूपमा अद्यावधिक गरी सार्वजनिक गर्ने ।

३. शंकास्पद विरामीहरूलाई अस्पतालबाट Quarantine अथवा Isolation मा पठाउन र थप उपचारको लागि अन्यत्र पठाउनका लागि लकडाउन अवधिभर एम्बुलेन्सका साथै आवश्यक परेका बखत जिल्लास्थित सरकारी कार्यालय वा सार्वजनिक संस्थानका सवारी साधनहरू समेत प्रयोग गर्ने ।

४. अस्पताल लगायत Quarantine तथा Isolation Ward स्थापना गरिएका उपमहानगरभित्रका क्षेत्रमा Disinfection Spray गर्ने कार्यको व्यवस्थापन स्वास्थ्य कार्यालयले हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र हेटौडा अस्पतालसँग समन्वय गरी गर्ने । उपमहानगर बाहेक अन्य क्षेत्रको हकमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गर्ने ।

५. स्वास्थ्यकर्मीहरूको परिवहनको लागि सवारी साधनको आवश्यक व्यवस्थापन हेटौडा अस्पतालले गर्ने ।

६. भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरुको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report देहाय बमोजिम रहेको व्यहोरा बैठकमा अवगत गराइयो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

२०७६।१२।१६
दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | स्थानीय तह | विदेशबाट आएकाहरूको संख्या | विदेशबाट आएकाहरूको प्रारम्भिक Screening गरिएको संख्या | प्रारम्भिक Screening गरिएकाहरूको स्वास्थ्य अवस्था | स्थापित क्वारेन्टाइन/Isolation/ICU को संख्या | क्वारेन्टाइन तथा Isolation मा रहेकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हेटौडा उ.म.न.पा. | १३० | १३० | सामान्य रहेको | -हेटौडा एकेडेमिमा १०० बेडको क्वारेन्टाइन सञ्चालन गर्न सकिने अवस्थामा तयार गरिएको। -४ ICU सहित ३४ Isolation Bed श्रमिक मा.वि.मा तयार गरिएको) | २ जना क्वारेन्टाइन र २ जना Isolation मा रहेका र बाँकी १२६ होम क्वारेन्टाइनमा रहेका | |
| २. | थाहा न.पा. | ६८ | ६८ | सामान्य रहेको | ओम रिसोर्टमा २५ कोठामा क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाइएको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ३. | कैलाश गा.पा. | ५ | ५ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ५. | भिमफेदी गा.पा. | १२ | १२ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ६. | मनहरी गा.पा. | ६६ | ६६ | सामान्य रहेको | अग्नीहोत्री आश्रममा २५ बेडको क्वारेन्टाइनको व्यवस्था मिलाइएको । | सबै होम क्वारेन्टाइनमा रहेका | स्थानीय एक र विदेशबाट आएका एक गरी दुई जनालाई थप परीक्षणको लागि भरतपुर रिफर गरिएकोमा स्वास्थ्य परीक्षण पश्चात् Report Negative आएको। |
| ७. | राक्सीराङ गा.पा. | १ (कतार) | १ | सामान्य रहेको | - | होम क्वारेन्टाइनमा रहेको | |
| ८. | मकवानपुरगढी गा.पा. | ५ | ५ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य रहेको | छतिवनमा ४ Isolation Bed को व्यवस्था गरिएको । | सबै होम क्वारेन्टाइनमा रहेका | |
| १०. | बागमती गा.पा. | ११ (१ जना दुबईबाट आएको) | ११ | सामान्य रहेको | - | एक जना काठमाडौंमा क्वारेन्टाइनमा बसी आएको । बाकी होम क्वारेन्टाइनमा रहेका | |

**अन्य विवरण:-**

१. लायन्स क्लवबाट श्रमिक मा.वि. मा स्थापना गरिएको Isolation Ward लाई ८ थान PPE र ४० थान स्यानीटाइजर प्रदान गरिएको ।